४.	**स्थायी लेखा नम्वरः**-आयकर ऐन, २०५८ को दफा ७८ ले कुनै पनि करदाताको पहिचान गर्ने प्रयोजनका लागी विभागले कर्मचारीलाई स्थायी लेखा नम्वर जारी गर्ने उल्लेख छ, तर पनि यस कार्यालयका कर्मचारीहरुले स्थायी लेखा नम्बर नलिएको हुदा यथाशीघ्र सवै कर्मचारीहरुले स्थायी लेखा नम्बर लिनु पर्छ ।
५.	**खरिद इकाई :-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ उपदफा ३ बमोजिम सार्वजनिक निकायले खरिद सम्बन्धि कार्य गर्नको लागि एउटा खरिद ईकाईको स्थापना गर्नुपर्ने व्यवस्था छ । ऐनमा उल्लेख भए अनुसार खरिद इकाई गठन गरी सो को जिम्मेवारी तोक्नुपर्दछ ।
६.	**मौजुदा सूची (स्टान्डिड लिष्ट) :-**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ वमोजिम सार्वजनिक निकायले खरिद सम्वन्धी विभिन्न आपूर्तिकर्ताहरुको सूचनाको अभिलेख राख्ने प्रयोजनको लागी खरिदको प्रकृति अनुसार आपूर्ति कर्ता, निर्माण व्यवसायी, सेवा प्रदायकको छुट्टा छुट्टै मौजुदा सूची तयार गर्नु पर्दछ । कार्यालयको खरिद सम्वन्धी सूचनाको अभिलेख राख्ने प्रयोजनका लागी मौजुदा सूची तयार नगरी खरिद गरेको देखियो । नियमानुसार मौजुद सूची तयार गरी सोही सूचिमा सूचिकृत आपूर्तिकर्ताबाट खरिद गरिनु पर्दछ ।
७.	**जिन्सी :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) बमोजिम जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले त्यस्तो प्रतिवेदन एक प्रति तालुक कार्यालयमा पठाउनु पर्नेछ । तालुक कार्यालयले त्यस्तो प्रतिवेदनको विषयमा एक महिना भित्र कुनै निर्देशन पठाएमा कार्यालय प्रमुखले सो समेतलाई विचार गरी र सो अवधि भित्र कुनै निर्देशन प्राप्त नभएमा लिलाम विक्रि गर्नुपर्ने मालसामान भए ६ महिना भित्र र मर्मत सम्भार गर्नुपर्ने माल सामान भए ३ महिना भित्र गरि सक्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदनको कैफियत महलमा उल्लेख भएका मर्मत हुन सक्ने मालसामान मर्मत गुर्न पर्ने र मर्मत हुन नसक्ने मालसमानहरु लिलाम विक्रिको कारवाहि अगाडी बढाई जिन्सी सम्बन्धी व्यवस्थालाई चुस्त र दुरुस्त बनाउनु पर्दछ । कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदन पेश नगरेको हुदा जिन्सी सम्पत्ती के कति र कस्तो अवस्थामा छन भनि एकिन गर्न सकिएन ।
८.	केन्द्रको कर्मचारीको तलब खर्च लेख्दा तलबी प्रतिवेदन पास गराएर मात्र तलब खर्च लेख्नु पर्ने यस अनुसन्धान केन्द्रको नियमावलीमा उल्लेख रहेकोमा यस केन्द्रले सो नगरी तलब तलब खर्च लेखेको पाईयो । यसरी तलबी प्रतिवेदन पास नगरी तलब खर्च लेख्दा पाउने भन्दा बढी तलब भुक्तानी हुनसक्ने हुदा नियमाअनुसार तलबी प्रतिवेदन पारित गराई मात्र तलब खर्च लेख्नु पर्दछ ।
९.	स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को परिच्छेद ५ बमोजिम गाँउपालिका एंव सम्बन्धीत वडामा गएका सामान तथा अन्य अनुदान खर्च र साबिकका गा.वि.स. हरुको समेत सम्बन्धीत निकायबाट प्रभावकारी अनुगमन मूल्याङ्कन हुनुपर्ने देखियो ।
१०.	वर्षभरीमा यो गाउँपालिकाले रु. २९,०५६।६४ मालपोत आय र रु. ३०,०००।- माछा पोखरी ठेक्का बापत गरी जम्मा रु. ५९,०५६।६४ आम्दानी देखाएको छ । ६ गा. वि. स. को मालपोत, घरजग्गा, बाटो सिफारिस दस्तुरको लगत नरहनु, उठेको राजश्वको हिसाब पेश नहुनु जस्ता कारण र पोखरीको लगत एवम् अन्य आय सम्बन्धमा निश्चित नभएको कारण उठेको राजश्व सम्बन्धमा अनुगमन हुनुपर्ने देखिन्छ ।
११.	**पूँजीगत तर्फ** यो वर्ष यस गाउँपालिका अन्तर्गत रु. ५,७०,१६५।३६ को निर्माण कार्य गरेकोमा कार्य सम्पन्न प्रतिवेदन रहेको देखिएन । कार्य सम्पन्न बेगर कार्य समापन गर्नु औचित्यपूर्ण नदेखिएको हुँदा यस सम्बन्धमा नियन्त्रण हुनुपर्ने देखियो ।

भौ.नं./मिति	विवरण	रकम
२/०७४-२-७	कार्यालय भवन मर्मत	५७,४७२।-
५/०७४-२-२१	कार्यालय भवन मर्मत	१५,६००।-
१० /०७४-३-१४	कम्पाउण्ड वाल निर्माण	३,५६,००४।-
१३ /०७४-३-२३	विद्युत फिटिङ्ग	५०,५२२।३०
३४, ३५/०७४-३-२८	होडिङबोर्ड ८ थान निर्माण	९०,५०७।०६
	जम्मा	**५,७०,१६५।३६**

१२.	३/०७४-२-२१ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ बमोजिम सरकारी सम्पत्तीको संरक्षण हुनुपर्नेमा रु. १,६९,९००।- को १ थान मोटरसाइकललाई सरकारी नम्बर प्लेटमा परिवर्तन गरेको देखिएन ।
१३.	सार्वजनिक खरीद ऐन २०६३ को दफा ८(२) अनुसार प्रतिस्पर्धा सिमित हुने गरी सामान खरीद गर्न नहुनेमा यो वर्ष भौचर नं. ६, ७ र १२ बाट रु. १०,५२,५७१।- को मेशनरी औजार तथा फर्निचर खरीद गरेको देखियो ।